## सिटीले शुक्रबार, मार्च 20 बाट सुरु हुनेगरी दर्ता गरिएका जेष्ठ नागरिकहरूलाई भोजनहरू वितरण गर्ने

पिट्सबर्ग, PA (मार्च 19, 2020) सामान्य भोजन सेवाका लागि हाल दर्ता गरिएका जेष्ठ नागरिकहरूलाई भोलि, शुक्रबार, मार्च 20, 2020 बाट सुरु हुनेगरी सिनियर सेन्टरका वैकल्पिक भोजनहरू उपलब्ध गराइनेछ। ऐलेघेनी काउन्टी एरिया एजेन्सीमार्फत जेष्ठ नागरिक (ऐजिङ) कार्यक्रममा प्रयोग गरिने पहिले नै प्याक गरिएका भोजनहरू (सम्भवत: फ्रोजन गरिएको) लाई हालका खाद्य वितरण सेवा प्रदायकहरूमार्फत उपलब्ध गराइनेछ। यस कार्यक्रममा दर्ता गरिएका जेष्ठ नागरिकहरूलाई पहिले नै आवश्यकतामा रहनुभएको भनेर पहिचान गरिएको थियो र उहाँहरूले नियमित रूपमा यी भोजनहरू प्राप्त गरिरहनुभएको थियो।

पहिले नै प्याक गरिएका भोजनहरूलाई घर लिएर जान मात्र उपलब्ध गराइनेछ र सोमबार, बुधबार तथा शुक्रबारका दिनहरूमा बिहान 11 बजेदेखि दिउँसो 1 बजेसम्म तलका सिटी हेल्थी एक्टिभ लिभिङ (सिनियर) सेन्टरहरू मध्ये कुनै एकमा वितरण गरिनेछ।

- ग्लेन ह्याजेल (Glen Hazel) – 945 Rosselle Court, 15207
- शेराडेन (Sheraden) – 720 Sherwood Avenue, 15204
- साउथसाइड (Southside)– 12th St & 1 Beford Square, 15203
- लरेन्सभिल (Lawrenceville) – 4600 Butler Street, 15201
- होमवुड (Homewood) – 7321 Frankstown Avenue, 15208
- ह्याजेलवुड (Hazelwood) – 5344 Second Avenue, 15207

दर्ता गरिएका जेष्ठ नागरिकहरूलाई प्रति दिन करिब 100 वटा भोजनहरू वितरण गरिनेछ।

कार्यक्रममा दर्ता नगरिएका तर खाद्यान्न वा अन्य श्रोतहरू आवश्यक पर्ने अन्य जेष्ठ नागरिकहरूले ऐलेघेनी काउन्टी एरियाको ऐजिङसम्बन्धी सिनियरलाइन (1-800-344-4319) मा सम्पर्क गर्नुपर्छ।